आज मिति २०७७।०१।२२ गते सोमबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री युवराज उप्रती | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | राजदेवठा |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७७।०१।२२

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) यस मिथिला नगरपालिका वडा नं. ७ का आदरणीय अध्यक्ष श्री युवराज उप्रेतीज्यू मिति २०७७।०१।१६ गते कार्यालय कामको सिलसिलामा आकस्मीक निधन भएको हुंदा शोकसन्तप्त परिजारजनमा गहिरो समवेदना व्यक्त गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्न एक मिनेट मौन धारण गर्न साथै उहांको परिवारलाई मृत्यु संस्कार सम्पन्न गर्न न.पा.बाट आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) यस मिथिला नगरपालिका वडा नं. ७ का आदरणीय अध्यक्ष श्री युवराज उप्रेतीज्यू मिति २०७७।०१।१६ गते कार्यालय कामको सिलसिलामा आकस्मीक निधन भएको हुंदा अब रिक्त भएको वडा अध्यक्षको पदमा कार्यवाहक अध्यक्ष तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) कोभिड-१९ को कारण देशव्यापी लकडाउनको अवस्थामा यस नगरपालिकाबाट वितरण भएको राहत सामाग्रीहरुको प्रभावकारीताको समिक्षा गर्ने साथै थप राहत वितरण गर्नुपर्ने भएमा सो सम्बन्धमा आवश्यक निर्णय गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) कोभिड-१९ को कारण देशव्यापी लकडाउनको अवधि भरको लागी नेपाल सरकारले सार्वजनिक बिदा हुने भनी निर्णय गरेको हुंदा उक्त अवधिमा कार्यालयमा उपस्थित भै कामकाज गर्ने कर्मचारी/स्वास्थ्यकर्मीहरुको लागि प्रोत्साहन भत्ताको व्यवस्था गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५) सेवा करारमा रहेको कर्मचारीहरुको २०७७ साल बैशाख देखि आषाढ महिनासम्मको लागि तलव भुक्तानी गर्न नपुग हुने रकम अन्य बजेट शिर्षकहरुबाट भुक्तानी हुनको लागि आवश्यक व्यवस्था गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६) जय बजरङ्ग बालुवा प्रशोधन उधोगले २०७६ चैत्र ९ देखि देशव्यापी लकडाउन भएको हुंदा अब बुझाउन बांकी रकम मिनाह गराई पांउ भनी निवेदन दिनु भएकोले सो सम्बन्धमा आवश्यक निर्णय गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७) यस न.पा.कार्यालयको कृषि बिकास शाखाको स्वीकृत वार्षिक कार्यक्रममा कृषकहरुको लागि बिउ विजन वितरण गर्ने कार्यक्रममा विनियोजन भएको रकममा थप रकमको व्यवस्था गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) यस मिथिला नगरपालिका वडा नं. ७ का आदरणीय अध्यक्ष श्री युवराज उप्रतीज्यू मिति २०७७।०१।१६ गते कार्यालय कामको सिलसिलामा आकस्मीक निधन भएको हुंदा शोकसन्तप्त परिजारजनमा गहिरो समवेदना व्यक्त गर्नका साथै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरियो ।

स्व. युवराज उप्रेती कार्यालयको कामको सिलसिलामा यस ना.पा.को प्रमुखज्यू, उप प्रमुखज्यू, जनस्वास्थ्य अधिकृत, आवस तथा भवन शहरी विकास शाखाका प्रतिनिधि, ठेकेदार सहितको टोलि मार्फत यस न.पा.को पोखरियामा निर्माणाधिन भौतिक पूर्वाधारहरु अनुगमन गरिरहेको बखत

अकस्मात बेहोस भै तत्काल समर अस्पताल, जनकपुरमा पुऱ्याउंदा तहांका चिकित्सकले मृत्यु भैसकेको भनी जानकारी गराएको हुंदा उहांले यस न.पा. प्रति प्रदान गर्नु भएको सेवा र समर्पणको उच्च कदर गर्दै उहांको परिवार सदस्यलाई आर्थिक सहयोग स्वरुप रु.१,०५,०००।- (अक्षरुपी एक लाख पांच हजार मात्र) प्रदान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा अब रिक्त भएको वडा अध्यक्षको पदमा नेपालको संविधान ,२०७२ को धारा २१६ को उपधारा ९ बमोजिम रिक्त पदको पूर्ति नभएसम्मको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११६ बमोजिम उक्त वडाका सदस्यहरु मध्ये जेष्ठ सदस्यलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी तोक्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.२ मा छलफल गर्दा कोभिड-१९ को कारण देशव्यापी लकडाउनको अवस्थामा संक्रमण रोकथान गर्न यस न.पा. क्षेत्र भित्र जनचेतना मुलक पम्पलेट वितरण गर्ने, माइकिङ्ग गर्ने, एफ एम प्रसारण गर्ने, बजार बन्द गर्न आव्हान गर्ने, यस न.पा.भित्रको प्रत्येक वडाहरुमा मास्क तथा साबुनहहरु वितरण गर्ने, यस क्षेत्रका विपन्न परिवारहरुलाई खाद्यान्न राहत वितरण गर्ने लगायतका कार्यहरु व्यवस्थित र प्रभावकारी रुपले कार्यान्वयन भएको ठहर गरियो ।

साथै अव उपरान्त थप राहत सामाग्री वितरण गर्नु पर्ने भएमा सम्बन्धित वडा कार्यालयले लाभग्राही परिवारको निवेदन संकलन गरि आवधिक रुपमा सम्बन्धित वडा, नगर कार्यपालिका तथा इलाका प्रहरी कार्यालयको प्रतिनिधिको रोहवरमा सेवाग्रहीको घरदैलोमा गई उक्त परिवारको यथार्थ आर्थिक अवस्था यकिन गरि राहत सामाग्री प्रदान गर्न उचित ठहरिएमा मात्र प्रति परिवार १५ के.जि चामल (सोना मन्सुली), २ के.जी. दाल, (मुसुरो), १ के.जी नून र आधा लिटर तेल वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न अनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ मा व्यवस्था भए बमोजिम हुने गरी उक्त अवधिमा स्वास्थ्य सेवा तथा विपद व्यवस्थापन कार्यमा खटिएका यस न.पा. र अन्तर्गत निकायहरुमा कार्यरत कर्मचारी/स्वास्थ्यकर्मीहरुको लागि प्रोत्सहान भत्ताको व्यवस्थ गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.४ मा छलफल गर्दा सेवा करारमा रहेको कर्मचारीहरुको २०७७ साल बैशाख देखि आषाढ महिनासम्मको लागि तलव भुक्तानी गर्न नपुग हुने रकम नेपाल सरकारबाट यस न.पा.को लागि स्वीकृत भएको दरवन्दी मध्ये रिक्त रहेको दरवन्दीमा हुने वचत रकम, सामाजिक परिचालन कार्यक्रममा वचत हुने रकम र नगर सुरक्षा प्रहरीको लागि विनियोजित भएको बजेटमा वचत हुने रकमबाट नियमानुसार हुने गरी खर्च लेख्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.५ मा छलफल गर्दा जय बजरङ्ग बालुवा प्रशोधन उधोगले २०७६ चैत्र ९ देखि देशव्यापी लकडाउन भएको हुंदा अब बुझाउन बांकी रकम मिनाह गराई पांउ भनी निवेदन दिनु भएकोले सो सम्बन्धमा प्रदेश सरकार र जिल्ला समन्वय समितिमा जानकारी गराई तहांबाट प्राप्त परामर्श र निर्देशनका आधारमा आवश्यक व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.६ मा छलफल गर्दा यस न.पा.कार्यालयको कृषि बिकास शाखाको स्वीकृत वार्षिक कार्यक्रममा कृषकहरुको लागि विउ विजन वितरण गर्ने कार्यक्रममा विनियोजन भएको रु.२,२५,०००।- बाट अनुमानित २५ क्वीन्टल धानको बिउ वितरण गर्न सकिने र उक्त परिमाण ज्यादै न्युन भएको हुंदा यस न.पा.का कृषकहरुलाई लागत सहभागीताको आधार अधिकतम २२० क्वीन्टल धानको बिउ वितरण गर्न आवश्यक पर्ने नपुग बजेट रकम यस न.पा.का.को विपद व्यवस्थापन कोषबाट नियमानुसार हुने गरी व्यवस्था गर्ने निर्णय पारित गरियो ।